म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०३ शनिबार ८ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 23 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेश आर्थिक सुधार सुझाव समितिको काम तत्काल अगाडि नबढ्ने

भानुभक्त आचार्य

हेटौंडा, ६ मंसिर/ गठनलगत्तै विवादमा परेको बागमती प्रदेशको आर्थिक सुधार सुझाव समिति-२०८१ को काम तत्काल अगाडि नबढ्ने भएको छ ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले गठन गरेको समितिको सेवासुविधासम्बन्धी व्यवस्थालाई लिएर मन्त्रिपरिषद्मै विवाद भएपछि तत्काललाई कार्यान्वयनमा नलैजाने पक्षमा मुख्यमन्त्री बहादुरसिं लामा पुगेका छन् । मन्त्रिपरिषद्का अधिकांश मन्त्रीहरुले समिति गठनको उद्देश्य राम्रो भएपनि नियुक्त पदाधिकारीको सेवासुविधा र मन्त्रिपरिषद्मा ल्याइएको सो सम्बन्धी प्रस्तावको प्रक्रियामाथि प्रश्न उठाएका थिए ।




सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले आर्थिक सुधार सुझाव समितिको काम तत्काल अगाडि नबढ्ने जानकारी दिए । मुख्यमन्त्री लामा र मन्त्रीहरुबीच भएको सहमतिबारे धारणा राख्दै श्रेष्ठले समितिलाई कानुन निर्माण गरेर मात्रै अगाडि बढाइने भएको बताए । 'अब यो कानुन बनाएर मात्रै अगाडि बढाउने कुरा भएको छ' उनले भने ।

२७ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकमा समिति गठनसम्बन्धी प्रस्ताव कार्यसूचिमा समावेश भएपनि पदाधिकारीको सेवासुविधा तोकिएको समितिको कायदिश (टिओआर) प्रस्तुत नगरिएको भन्दै मन्त्रिपरिषद् सदस्यहरुले विरोध जनाएपछि रोकिएको थियो ।

समितिको अध्यक्षमा आन्तरिक राजश्व विभागको पूर्वमहानिर्देशक किशोरजंग कार्कीलाई प्रदेश सचिव सरह र सदस्यमा अर्थ मन्त्रालयका पूर्वसहसचिव लेखनाथ शर्मा पंगेनीलाई सचिवसरहको सेवासुविधा दिने गरी नियुक्त गरेका थिए ।

प्रदेशको राजश्वको नयाँ सम्भाव्य क्षेत्रको पहिचान गर्ने, राजश्व दायरा बढाउने र राजश्व प्राप्तिको अवस्था विश्लेषण गरेर बाँडफाँडमा देखिएको समस्या पहिचान गर्ने, राजश्वसम्बन्धी कानुन पुनरावलोकनको आवश्यकता पहिल्याउने, प्रदेश सरकारका संरचनाको कार्यसम्पादन मूल्यांकन गर्ने लगायतका अध्ययन गरी सरकारलाई सुझावसहित प्रतिवेदन दिने उद्देश्य राखेर मन्त्री काफ्लेले मन्त्रीस्तरीय निर्णयबाट कार्तिक अन्तिममा समिति गठन गरेका थिए ।

शुक्रबार मन्त्रालयमा पत्रकारहरुसँग अन्तरक्रिया गर्दै मन्त्री काफ्लेले राजश्व बढाउने जस्तो महत्वपूर्ण विषयमा राम्रो उद्देश्य राखेर समिति गठन गरेको बताएका थिए । समितिलाई लिएर उत्पन्न विवाद अर्थपूर्ण नरहेको दाबी गरेका काफ्लेले केही समयपछि समितिको कामकारबाही कार्यान्वयनमा जाने विश्वास व्यक्त गरे । उनले पदाधिकारीलाई तोकिएको सेवा सुविधालाई 'सामान्य' रहेको बताए । '३०-४० लाख खर्च गरेर ३ अर्ब राजश्व उठाउँछु भन्नु कसरी गलत हुन्छ ?' उनको प्रश्न थियो ।

काफ्लेले २७ कात्तिकको मन्त्रिपरिषद् बैठकमा मन्त्रिपरिषद् बैठकमा प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी समिति गठन गरेको जानकारी गराएका थिए । तर, बैठक सकिएर मुख्यमन्त्री लामाको कार्यकक्षमा जम्मा भएका मन्त्रीहरुलाई टिओआर एक-एकप्रति बाँडेपछि काफ्लेको जानकारी भन्दा फरक विवरण भेटिएको थियो । पदाधिकारीलाई अस्वभाविक सेवासुविधा दिएको बारे मन्त्रीहरुले प्रतिवाद गरेका थिए । आर्थिक मामिला मन्त्रालयले कार्यविधि नै नबनाई समिति गठन गरेको थियो ।

प्रदेश आर्थिक कार्यविधि, ऐन-२०७४ ले आर्थिक मामिला मन्त्रालयका सचिवको अध्यक्षतामा राजश्व परामर्श समिति रहने व्यवस्था छ । मन्त्रालयका प्रतिनिधि र विज्ञ सदस्य रहनेछन् । राजश्व परामर्श उपसमिति पनि रहने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि निमायवली, २०७६ को नियम १८ ले आर्थिक स्रोतको अनुमान र खर्चको सीमानिर्धारण गर्ने कार्यसम्बन्धी स्रोत अनुमान समिति रहने व्यवस्था छ । समितिको संयोजक आर्थिक मामिला मन्त्री हुने व्यवस्था छ ।

यी दुवै समितिलाई सक्रिय गराएर नवगठित समितिको उद्देश्य परिपूर्ति गर्न सकिने बाटो हुँदाहुँदै थप आर्थिक भार पर्नेगरी समिति आवश्यक नरहेकोमा मन्त्रीहरु एकमत देखिएका छन् ।

### पदाधिकारीलाई कस्तो सेवासुविधा दिइएको थियो ?

समितिको आफ्नै कार्यालय, ३ जना छुट्टै कर्मचारी र हने टिओआरमा उल्लेख छ । अध्यक्ष कार्कीलाई प्रदेश सरकारको प्रमुखसचिव (नेपाल सरकारको सचिव) सरह र सदस्य पंगेनीलाई प्रदेशसचिव (नेपाल सरकारको सहसचिव)को सुरु तलब स्केल पारिश्रमिक दिने, पारिश्रमिकमा थप ५० प्रतिशत भत्ता उपलब्ध गराउने साथै सवारीचालक, इन्धन, सवारी मर्मत र सवारीसाधन भाडा, सञ्चार, खाजा र आवासवापत मासिक एकमुष्ठ क्रमश: ७० र ५० हजार रुपैयाँ उपलब्ध गराउने उल्लेख छ ।

अध्यक्ष र सदस्यहरुलाई दैनिक भ्रमणभत्ता र बैठकभत्ता, सदस्यसचिव र समितिको सचिवालयका कर्मचारीलाई मासिकरुपमा आफ्नो सुरु तलब स्केलको ५० प्रतिशत भत्ता, समितिलाई आवश्यक पर्ने मसलन्द फर्निचर, कम्प्युटर लगायतका सामग्री आर्थिक मामिला मन्त्रालयले व्यवस्थापन गर्ने समितिको टिओआरमा छ ।

समिति र सचिवालयलाई आवश्यक बजेट मन्त्रालयको वार्षिक कार्यक्रमबाट व्यवस्थापन गर्ने र नपुग रकमको हकमा कानुन बमोजिम गर्ने जनाइएको छ ।

समितिलाई अन्तरक्रिया र गोष्ठी सञ्चालनका लागि पनि मन्त्रालयले बजेट व्यवस्थापन गर्ने उल्लेख छ । बैठकभत्ता र खाचा खर्च तथा अन्तरक्रिया र गोष्ठी सञ्चालनको बजेट सीमा आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुने समितिको टिओआरमा जनाइएको छ ।

## खेल पूर्वाधारदेखि नदी नियन्त्रणसम्म तिवारीको प्रतिबद्धता

साझाकुरा संवाददाता



हेटौंडा, ७ मंसिर/हेटौडा उपमहानगरपालिका-१२ को स्थानीय तह उपनिर्वाचनमा वडाअध्यक्षका नेपाली कांग्रेसबाट उम्मेदवार बनेका अर्जुन तिवारीले चुनावी प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले निर्वाचन लक्षित गरेर नागरिकको सेवा तथा वडाको विकासका एजेण्डाहरु सार्वजनिक गरेका हुन् । एजेण्डाहरु प्राथमिकताका साथ पूरागर्ने समेत प्रतिवद्धता व्यक्त गरेका छन् । चुनावी अभियानअन्तर्गत घरदैलो कार्यक्रममा सक्रिय रहेका तिवारीले वृद्धभत्ता घरघरमा वितरण गर्ने, घटना दर्ता सम्बन्धित स्थानबाटै गर्ने लगायत एजेण्डा अघि सारेका छन् ।

उनले खेल पूर्वाधार, मिनी रंगशाला, सडक, पार्क तथा नदी नियन्त्रण र तटबन्धनको योजनालाई प्रमुखताका साथ प्राथकितामा राखेका छन् । सेवाप्रवाहमा गुणस्तरीयता तथा सहजतासँगै समग्र वडाको विकासमा भूमिका खेल्ने गरी नागरिकसँगको अन्तरक्रियाबाटै योजना छनोट र कार्यान्वयन गर्ने गरी अघि बढेको उनले बताए । उनका अनुसार उपमहानगर कार्यालयसँग कम दुरीमा रहेको वडा भएपनि ग्रामीण भेग भएकाले विकास निर्माणलाई महत्वका साथ अघि बढाइको छ । नागरिकको आवश्यकताअनुसार कृषिउत्पादन र व्यावसायिकतामा जोड्ने गरी वडाको योजना तयार गर्ने उनको भनाई छ । युवालक्षित गरी कृषि तथा व्यवसायिक कार्यक्रम संचालन गर्न सबैसँग समन्वयात्मक भूमिका निर्वाह गर्ने उनले बताए ।

उम्मेदवार तिवारीले घरेलुउद्योग द्रुतगतिमा सञ्चालन गर्ने, मठमन्दिर, गुम्बा तथा गिर्जाघरको संग्रहालयको उचित प्रवर्द्धन गर्ने, विद्यालयमा शैक्षिक सुधार तथा अंग्रेजी माध्यमको शिक्षामा जोड दिने, सहरी स्वास्थ्यचौकीको स्तरोन्नति गर्ने तथा स्वास्थ्यचौकीमा तत्काल एक्स-रे मेशिनको व्यवस्था गर्ने, साताको एकपटक डाक्टरको सुविधा उपलब्ध गराउने लगायत एजेण्डा तिवारीले अघि बढाएका छन् ।

उनको एजेण्डामा वडास्तरमा सहजरुपमा एम्बुलेन्सको सुविधा उपलब्ध गराउने, दुग्ध किसानको मूल्य समयमै भुक्तानीको लागि पहल गर्ने, विद्युत लाइन स्तरोन्नति तथा पोल र बत्तीको उचित व्यवस्थापन र सोलारबत्तीको सेवा विस्तार गर्न पहल गर्ने, बुद्ध माध्यमिक विद्यालयमा एकजना विद्यालय नर्सको व्यवस्था गर्ने, गोठदमार डिप बोरिङ सिंचाई आयोजनाको व्यवस्था मिलाउने लगायत छन् ।

तल्लो रमनटार खानेपानी टंकी निर्माण गरी खानेपानी वितरण गर्ने, गुप्तेश्वरक्षेत्र स्तरोन्नति तथा पर्यटन प्रवर्द्धन गर्ने, गोठदमार तटबन्धनलाई व्यवस्थित गरी बस्ती बचाउन पहल गर्ने, राप्तीखोलाबाट सिग्रेनी बस्तीसम्म लिफ्ट सिंचाईको वृहत् आयोजना सुरुवात गर्नको लागि पहल गर्ने, नापी भएका जग्गाको धनीपुर्जाको लागि विशेष पहल गर्ने, बेलडाँडा मुनिको खेलमैदानको स्तरोन्नति गर्ने, महिला सशक्तिकरणका कार्यक्रम ल्याउने, वैदेशिक रोजगारका क्रममा विपद् परेकाहरुको उद्दारको लागि पहल गर्ने, मन्त्रेटोलदेखि सिन्तानटोलसम्मको सडक स्तरोन्नति गर्ने, लोकसेवा आयोगको तयारी कक्षा नि:शुल्क सञ्चालनको व्यवस्था गर्ने रहेका छन् ।

## बस दुर्घटनामा १७ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुर र बाराको सीमाक्षेत्र हेटौंडा उपमहानगरपालिका-१५, चुरियामाई मन्दिर पूर्वपश्चिम सडक खण्डमा बस दुर्घटना हुँदा चालकसहित १७ जना घाइते भएका छन् ।

शुक्रबार बिहान ९ बजे बीरगंजबाट पोखराको लागि आउँदै गरेको यात्रुबाहक ग २ ख १६२१ नम्बरको बस ब्रेक फेल भई सडक छेउको खोल्सामा पल्टी दुर्घटना भएको हो । बसमा १८ यात्रु सवार थिए । घाइतेहरुको उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

घाइतेहरुको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बारा जिल्ला पर्सौनी-३ की ९ वर्षीय जोनीशा कुमारी ठाकुर (टाउकोमा चोट) को अबस्था गम्भिर रहेको जनाइएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## रास्वपा मकवानपुरको सभापतिमा फेरि पराजुली



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरको सभापतिमा फेरि भरत पराजुली सर्वसम्मत चयन भएका छन् ।

रास्वपा मकवानपुरले बिहीवार गुपचुप जिल्ला अधिवेशन गरेको हो । स्थानीय तह उपनिर्वाचनका कारण निर्वाचन आचारसंहिता लागू भइसकेकाले रास्वपाले पूर्वनिर्धारित जिल्ला अधिवेशन गुपचपमै सम्पन्न गरी नयाँ समिति चयन गरेको हो । पराजुली दोस्रो कार्यकालको लागि पुन: सभापतिमा चयन भए ।

उपसभापतिमा प्रकाश गौतम, सचिवमा सञ्जीव पाठक, सह-सचिवमा शान्ति थापा चयन भएका छन् । सचिव र सहसचिवमा सर्वसम्मत हुन नसकेपछि निर्वाचन प्रक्रियाबाट पदाधिकारी चयन गरिएको थियो । सचिवमा पाठकले विशाल महतलाई झण्डै आधा मतान्तरले पराजित गरेका थिए ।

जिल्ला भेलाले निर्वाचन क्षेत्र नम्बर-१ सभापतिमा टाकाराज थापा, उपसभापतिमा अस्मिता न्यौपाने र सिसम माझी, सचिवमा किशोर अर्याललाई चयन गरेको छ । क्षेत्र नम्बर २ सभापतिमा निराजन बर्तौला, उपसभापतिमा शान्ता सत्याल विष्ट र सन्तोष बर्तौला चयन हुँदा सचिवमा राधिका सामरी पाण्डे चयन भएकी छिन् ।

## धर्मका नाममा कसैलाई पनि अनादर गर्नुहुन्न: बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ बागमती प्रदेशसभा सदस्य एवम् नेपाली कांग्रेस बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँले धर्मका नाममा कसैलाई पनि अनादर गर्न नहुने बताएका छन् ।

हेटौंडा-१७ गैरीगाउँमा आज शुक्रबारबाट सुरु भएको श्रीमद् बाल्मिकीय रामायण नवाहज्ञानमहायज्ञको समुद्घाटनमा बोल्दै बानियाँले धर्मका नाममा कसैलाई पनि अनादर गर्न नहुने बताएका हुन् ।

उनले धर्म व्यक्तिले धारणगर्ने विषय भएकाले धर्मका नाममा अरुलाई अनादर गर्न नहुनेमा जोड दिए । उनले पूर्वीयदर्शनको सकारात्मक पक्षको प्रवर्द्धन गर्न आग्रह गरे । उनले धर्मले सत्य र ठीकको बाटोमा अघि बढ्न सुझाएको भन्दै धार्मिक व्यक्तित्वले आफूले प्राप्त ज्ञानलाई समाज सुधारमा लगाउनु जरुरी रहेको स्पष्ट पारे ।

पूर्वीयदर्शनको बैज्ञानिक र व्यवहारिकपक्षको प्रचारप्रसार गर्दै यसको मर्यादा र मानवताको पक्षलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाई थियो । उनले ज्ञानमहायज्ञले मनस्थिति शुद्धीकरणका लागि टेवा दिने बताए । बानियाँले विगत १३ बर्षदेखि निरन्तर ज्ञानसञ्चार बृद्धाश्रममा जोडिएर यसको भौतिक पूर्वाधार सुधारका लागि काम गरेको बताउँदै यसलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरे ।

महायज्ञ मूल समारोह समितिका संयोजक लक्ष्मण कटुवालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१६ का वडाअध्यक्ष रामकृष्ण कोइराला, हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्याल, लक्ष्मीपुर मन्दिरका महन्त बर्दराज भारद्वाज वाग्ले, धार्मिक व्यक्तित्व नारायण स्वामी, कथावाचिका गोदादेवी आण्डाल, मूलसमारोह समितिका सचिव नवराज न्यौपाने लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

श्रीमद्भागवत ज्ञानसञ्चार बृद्धाश्रम अक्षयकोष स्थापनार्थ सुरु भएको नवाहज्ञानमहायज्ञ मंसिर १५ गतेसम्म संचालन हुनेछ ।

## जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४, ॐ आयल पछाडि रहेको **दुर्गा खाजा घर** संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**
**९८५११८३३२३ (सुजित कावर)**

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# भिडियो हेरेर दुई जनाले आत्महत्या गरेपछि टिकटक विरुद्ध मुद्दा



आफ्ना किशोरावस्थाका छोरा छोरीहरूले हानिकारक सामग्रीहरू हेरेर आत्महत्या गरेको भन्दै फ्रान्समा सात परिवारले सोसल मिडिया प्लेटफर्म टिकटक विरुद्ध मुद्दा दायर गरेका छन् ।

टिकटकको एल्गोरिदमले किशोर किशोरीहरूलाई आत्महत्या प्रोत्साहन, आफैंलाई नोक्सानी गर्ने तथा भोजन सम्बन्धी समस्या (इटिंग डिसअर्डर) विषयका भिडियोहरू देखाउने गरेको र सोहीबाट प्रभावित भएर २ जनाले आत्महत्या गरेको ती परिवारको दाबी छ ।

टिकटक पीडित परिवारजनले संयुक्त रुपमा क्रेटेइल न्यायिक अदालतमा मुद्दा दायर गरेका छन् । निवेदकका वकिल लाउरे बोट्रोन मार्मियोनका अनुसार टिकटक विरुद्ध परिवारजनले संयुक्त रुपमा मुद्दा हालेको युरोपमा यो नै पहिलो पटक हो ।

उनी भन्छिन्, 'अभिभावकहरूले अदालतबाट टिकटकको कानुनी दायित्वको किटान होस् भन्ने चाहेका छन् । टिकटक एक व्यावसायिक कम्पनी हो र उसले बालबालिका समेतको लागि प्रडक्ट तयार पार्ने गर्दछ । त्यसैले उसले आफ्ना प्रडक्टको कमजोरीका विषयमा पनि जवाफ दिनुपर्छ ।'

स्मरणरहोस् फेसबुक र इन्स्टाग्रामको मातृ कम्पनी मेटाले जस्तै टिकटकले अमेरिकामा पनि सयौं मुद्दा झेलिरहेको छ । टिकटकले दशौं लाख बालबालिकालाई उत्तेजित पार्दै लतमा फसाएको र उनीहरूको मानसिक स्वास्थ्यमा क्षति पुर्‍याएको आरोप अमेरिकामा दायर मुद्दाहरूमा लगाउने गरिएको छ । फ्रान्समा दायर मुद्दाको विषयमा टिकटकले कुनै प्रतिक्रिया जनाएको छैन ।

यद्यपि बालबालिकाको मानसिक स्वास्थ्य सम्बद्ध विषयहरूलाई भने आफूले गम्भीरतापूर्वक लिएको यसअघि उसले बताउने गरेको थियो । अमेरिकी सांसदहरूले सोधेको प्रश्नमा टिकटक सिइओ शोउ जीले बालबालिकाको सुरक्षाका लागि टिकटक एपमा विभिन्न उपायहरुका लागि पर्याप्त लगानी गरिएको दाबी गरेका थिए ।

# यस्तो छ नयाँ चिपसहितको म्याक कम्प्युटर



एप्पलले आफ्नो म्याक कम्प्युटरको नयाँ सिरिज लञ्च गरेको छ । एप्पलले नयाँ M4 चिपसहितको आइम्याक, म्याकबुक प्रो र म्याक मिनी गत अक्टोबर २८ मा लञ्च गरेको हो । यसअघि आइफोन १६सिरिजसँगै एयरपड्स तथा एप्पल वाचका नयाँ संस्करण सार्वजनिक गरेको एप्पलले म्याक सेगमेन्टमा पनि नयाँ सिरिज ल्याएको हो ।

एप्पलले यसै वर्ष आइप्याड प्रो मोडलसँगै आफ्नो नवीनतम सिलिकन चिपसेट M4 पेस गरेको थियो । त्यही चिपलाई अब १४ तथा १४ इन्चका म्याकबुक प्रो मोडेलमा पनि सामेल गरिएको छ ।

एप्पलका नयाँ म्याक बुकप्रो मोडल M4, M4 Pro र M4 Mac चिपसेटयुक्त छन् । यी १४ इन्च र १६ इन्च डिस्प्ले मोडेलमा रे ट्रेसिङका साथसाथ एप्पल इन्टेलिजेन्सको सपोर्ट छ ।

भारतमा म्याकबुक प्रो २०२४ मोडलको मूल्य १ लाख ६९ हजार ९९९ रुपैयाँबाट सुरु हुन्छ । यो मूल्य एमफोर चिप र १४ इन्च स्क्रिनवालाको हो । एमफोर प्रो चिप र १४ इन्च डिस्प्लेवालाको मूल्य भने १ लाख ९९ हजार ९०० भारु छ ।

म्याक बुक प्रो २०२४ १६ इन्च डिस्प्ले र एमफोर प्रो चिपसहित पनि उपलब्ध छ । तर यो भेरियन्टको मूल्य २ लाख ४९ हजार ९०० भारु छ । यसमा एमफोर म्याक्स चिपसेटवाला भेरियन्टको मूल्य भने ३ लाख ४९ हजार ९०० रुपैयाँ छ ।

यो ८ नोभेम्बरदेखि एप्पलको अनलाइन स्टोर आधिकारिक बिक्रेतामार्फत् विश्व बजारमा खरिदबिक्री सुरु भएको छ ।

**यौन स्वास्थ्य**

# तपाईंको यौन जीवन ध्वस्त पारिदिने यस्ता सात रोग, हुनुहोस् सतर्क



पार्टनरसँग सेक्सुअली कनेक्ट हुनु सम्बन्धमा इन्टिमेसीको एउटा राम्रो संकेत हो । यसले तपाईंको सेक्सुअल हर्मोन र शरीरलाई पनि स्वस्थ राख्छ । यद्यपि, बढ्दो स्वास्थ्य समस्याले तपाईंको यौनजीवनलाई बर्बाद पारिदिन सक्छ । त्यसैले आफ्नो स्वास्थ्य अवस्थाबारे तपाईंलाई राम्रोसँग जानकारी हुनुपर्छ । आज हामी तपाईंलाई यस्ता केही स्वास्थ्य समस्याबारे जानकारी दिँदै छौं जसले तपाईंको यौन जीवनलाई गम्भीर रुपमा प्रभावित पार्न सक्छ ।

मधुमेहका रोगी पुरुषलाई इरेक्सन र इज्याकुलेशनजस्तो समस्या हुनसक्छ । उच्च रक्तचापका कारण हाम्रो रक्तनली र नसामा खराब असर पर्छ । साथै यसले यौनाङ्गका लागि आवश्यक साधारण रक्त प्रवाहलाई पनि प्रभावित गर्छ । जबकी यस्तो अवस्थामा महिलाको यौनाङ्ग सुख्खा हुने, पीडादायी यौनसम्बन्ध र यौन सम्बन्धमा अनिच्छालगायतका समस्या देखिन सक्छ । स्वस्थ र सफा खानामार्फत् शारीरिक रुपमा आफूलाई सक्रिय राख्दा यो समस्याको हल हुने गर्छ ।

**अत्यधिक पीडा:**

शरीरको कुनै पनि भागमा भयानक पीडा वा क्रोनिक पेनले पनि तपाईंको यौनेच्छामा कमी ल्याइदिने गर्छ । यस्ता दुखाईबाट राहत पाउनका लागि डाक्टरको सल्लाहमा औषधीको प्रयोग गर्न सक्नुहुन्छ । यद्यपि, कुनै पनि औषधी लिनु अघि सतर्क हुनुहोस् किनभने केही पेनकिलरको साइड इफेक्ट हुनसक्छन् जसले तपाईंको यौन जीवन प्रभावित पारिदिन सक्छ ।

**मुटुरोग:**

यदि तपाईंलाई मुटु सम्बन्धि कुनै समस्या छ भने यौनबारे तपाईंले विरलै सोच्नुहुन्छ । विज्ञका अनुसार यदि कुनै व्यक्तिलाई केही समय अघि मात्रै हृदयघात भएको छ भे उनले केही समयका लागि यौनबारे सतर्क हुनुपर्छ ।

**डिप्रेशन:**

यो एउटा मानसिक अवस्था हो जसले तपाईंको मनको स्थितीलाई प्रभावित गर्छ । तपाईं सधैं चिन्तित रहनुहुन्छ र यस्तोमा कुनै पनि क्रियाकलापमा समावेश हुन तपाईंलाई मनपर्दैन जसले तपाईंको मनोदशालाई ठिक स्थितीमा राख्न सकोस् । यसका लागि डाक्टरले तपाईंलाई केही औषधीबारे सुझाव दिन सक्छन् जसले तपाईंको यौन जीवनलाई पनि प्रभावित पार्न सक्छ । यसैबीच तपाईंले कामोत्तेजनामा मुश्किलको सामना गर्ने सम्भावना पनि रहेको हुन्छ । यस्तोमा औषधीको डोज कम वा औषधी नै परिवर्तन गरेर तपाईंले यस्तो समस्याबाट पार पाउन सक्नुहुन्छ । यद्यपि, सबैभन्दा पहिला डाक्टरसँग सल्लाह लिनुहोस् ।

**आर्थराइटिस:**

जोर्नीमा दुखाई वा ऐठनले तपाईंको यौन जीवनलाई निकै हदसम्म खराब गर्न सक्छ । यौन जीवनका लागि शरीरको चालको आवश्यकता हुन्छ त्यसैले यस्तो समस्याले ग्रस्त भएकाहरुले यौन सम्बन्ध स्थापित गर्नबाट जोगिनुपर्छ ।

**कम टेस्टोस्टेरोन, रजनोवृत्ति:**

टेस्टोस्टेरोनको कमीसँग जुधिरहेका पुरुषमा पनि यौन सम्बन्धि समस्या हुनसक्छ । यो समस्या उमेरसँगै बढ्ने गर्छ किनभने टेस्टोस्टेरोन जस्ता सेक्स हर्मोन क्रमश: कम हुन थाल्छन् । जब महिलाको उमेर ४० देखि ५० वर्षभन्दा माथि लाग्छ तब उनीहरुको महिनावारी रोकिन सक्छ जसले शरीरमा एस्ट्रोजनको स्तर कम गरिदिने गर्छ ।

रजनोवृत्तिका कारण महिलाको यौनाङ्ग सुख्खा हुने गर्छ भने यौनेच्छामा कमीको अनुभव गर्न सकिन्छ । यद्यपि, यो स्थितीमा पनि पुरुष र महिलाको शरीरमा सेक्सुअल हर्मोनको स्तरमा वृद्धिका लागि डाक्टरसँग सम्पर्क गर्नुहोस् ।

**साहित्य**

हास्यव्यंग्य

# भूत सभाको सन्त्रास

✍ कृष्ण उफान

बाल्यकालमा आमा बुबाले, आफन्तजनले आफ्ना नानीहरुलाई फकाउन , डर देखाउन भूत आयो भूत आयो भन्दै तर्साउने गर्दथे ।रोएर हैरान पारेमा तै चुप लाग्छन् कि भनेर हाउगुजीले खान्छ भनेर तर्साउनु हुन्थ्यो । त्यसको असर जिन्दगीभर पर्दोरहेछ । अहिले पनि भूतको कुरा गर्दा आङ सिरिङ्ग हुन्छ । डरले सातोपुत्लो जान्छ । लुगलुग काँप्न थाल्दछु । होसहवास सबै उडेर चेतनशून्य हुन्छु । रातको समयमा भूतहरुको चलखेल हुन्छ भन्ने कुरा त जोसुकैलाई पनि अवगत भएकै कुरा हो । मध्यरातमा उनीहरु खुब रमाउदै यताउति हिड्छन् । दिनचरहरु रातमा हिडडुल गरेमा उनीहरुले सिकार बनाउछन् रे। त्यसो भनेपछि त झन् डर लाग्छ मलाई त । आफ्नो ज्यानको माया त लागिहान्छ नि । बाँचे संसारमा यी दुई टोड्.का आँखाले अनेक कुराहरु देख्न पाइन्छ । यी दुलो परेको दुई कानले अनेक कुराहरु सुन्न पाइन्छ ।

एउटा भूत गाँउमा छिर्‍यो भने सारा गाउँलेलाई पिरेर हैरान पार्दछ । रातदिन धामी झाँक्री खोज्दा र लगाउँदा लगाउँदा हैरान बनाउँदछ । वैज्ञानिक युग हो धामी झाँक्री नलगाउ भने पनि कहिले कलिला लालावालालाई सताउछन् । कहिले ठूलालाई मरणासन्न हुने गरी पिर्छन् । कहिले पशु चौपायालााई थलाको थला मै लम्पसार पारिदिन्छन् । अस्पतालको औधषी त जति सेवन गरेपनि वीसको उन्नाइस हुदैन । बरु प्रतिक्षा गर्दा गर्दा आशाको डोरी चुडिसक्छ तर रोग विसेक हुने कुनै छेकछन्द आउदैन । अनि विवश भएर धामीको शरणमा पुग्नु पर्दछ । ढीलो चाडो रोग निदानको लागि पहल गरिन्छ । केही राहात पनि मिल्दछ ।

यी घरगाउँमा आउने भूत भन्दा पनि वीसौं गुणा भएङ्कर अर्को भूतसभाको पो डर लागिरहेछ । संविधान बनाउनका लागि भनेर दुई वर्षको अवधि दिएर सभाषद्हरुलाई निर्वाचित गरेर नेपाली जनताहरुले पठाएका थिए । आफ्नो आयुको वास्ता नै नगरिकन संविधान बनाउनु भन्दा पनि खाली सत्ता लोलुपतामा लागिरहे । "जसको निम्ति गोठ बनायो उसको पुच्छर बाहिर "भने झैं संविधान बनाउनुको सट्टा आफ्नो शक्तिको प्रदर्शनमन व्यस्त रहे । "जब पर्‍यो राती कानी बूढी ताती "भने झैं संविधानसभाको म्याद सकिने दिनको पनि अन्तिम घडीमा आएर भ्याइ नभ्याइकन रातविरात संविधान बनाउन दत्तचित्त लगाएर नेपाली जनताका आँखामा छारो हाल्ने दुस्साहस गर्थे । दुई वर्षको आयु सकिएर पनि अर्को दुई वर्ष भूत भएर नेपाली जनता देश समयलाई तर्साइरह्यो। सम्मानित सर्वोच्च अदालतले मरेर पनि भूत भएर पनि पु:न मरिसक्यो भनेर घोषणा गरि सक्यो । आफ्नो आयु भरी त जगजगी गरेर नेपाल जस्तो पूण्य भूमिलाई अधोगति तर्फ धकेल्न निकै ठूलो भूमिका निर्वाह गरे । अब त मुलुकले मुक्तिको बाटो अवलम्बन गर्लान् भनेको त पु:न ६०१ भूतहरु हामीहरु बीच फेरि व्यूझिनु पर्छ भन्दै सरसल्लाह पो गर्न थालेकाछन् । यस्ता कुरा सुन्दा आम नेपाली जनताका मनमा कस्तो भावनाहरु उब्जिएलान् । लाजसरम पचेका भूतहरु फेरि पनि जागाजोति भएर नेपालमा मोजमस्ती गर्न लालयित छन्, खवरदार यस्ता कुचेष्टा गरेमा नेपाली जनताले कदापि क्षमा दिने छैनन् । किनकि आयु सकिएको वायुले जे पनि गर्न सक्दछन् । प्यारो देश र नेपाली जनताको पीर चिन्ता भएको भए आफैले मागेको समय सीमा भित्र संविधान बनाएर नेपाली जनताका हात हातमा नयाँ संविधान पुऱ्याइसक्थे तर खै ? माछा माछा भ्यागुतो" भने झैं भयो । संविधान आँउछ आँउछ भन्दा भन्दै आखिरमा हात लाग्यो शून्य भयो ।

भूतसभा पुन: व्यूँतिए भने यिनीहरुले जे गर्न पनि पछिपर्ने छैनन् । देशकै अस्तित्व खतरामा पर्न लागेको अवस्थामा पनि सत्तामा जाने र झण्डावाल पजेरोमा चढेर रवाफ र शानका साथ हिड्न पल्केकाहरु सधै त्यसैको लोभमा जे जस्तो वाचा कसम पनि चुकाउन पनि पछि पर्दैनन् । भूतहरुलाई के को लाज के को सरम ? एकैछिनमा काटाकाट गरुला झैं गरेर वाक युद्धमा उत्रन्छन् । फेरि घाँटी जोडेर एउटै कार्यक्रममा उद्घाटन गर्न पुग्छन् । हुनसम्मको नाटक देखाउछन् । सत्ताको भागबण्डा नमिलेमा घुर्क्याउछन्, दंग्याउछन् । आखिरमा मिलेर सहकार्य पनि गर्नपछि पर्दैनन् । पार्टी फुटाएर रुखमा ऐँजेरु पलाए झैं पलाउन पनि पछि पर्दैनन् । यिनीहरु माथि कुनै पनि कुरामा विश्वास गरिहान्नु हुदैन । धोका माथि धोका दिन सक्छन् । त्यसैले समयमा नै सचेत भएर रहनु आवश्यक छ । कुनै पनि हालतमा भूतसभा बनाउन दिनु हुँदैन ।

पूर्वको भूत, पश्चिमको भूत, उत्तरको भूत दक्षिणको भूत चारै दिशाको भूत भेला भएपछि त के चाहियो र को भन्दा को कम र ? पूर्वेलीहरु भन्छन् अरुण पूर्वका भागको छुट्टै राज्य हामीलाई चाहिन्छ । हामीहरुले ल्याएका प्रस्तावहरु सही छन् । समय सान्दर्भिक छन् भन्दै अडानमा बस्ने गर्छन् । पश्चिमेलीहरु पनि हामीले नेपाली जनताका सही मागलाई ल्याएका छौ त्यसैले हाम्रो प्रस्तावलाई पारित गरिनु पर्दछ भन्दै अडानमा बस्छन् । समयले मागेको नेपाली जनताका सही सम्बोधन गरिएको आगामी दश वर्षमा नेपाललाई समुन्नत विकास गरी विश्वका अति विकसित मुलुकको दाँजोमा अग्रपंक्तिमा ल्याउने किसिमको छ त्यसैले हाम्रो मागलाई अक्षरश पास गरिनु पर्छ भन्दै मोर्चावन्दी बन्दछन् दक्षिणका भूतहरु । नत्र त सदनबाट सडकमा, जनता माझ गएर सदन अवरुद्ध गर्न पनि पछि पर्ने छैनन् । उत्तरी दिशाका भूतहरु झन् के कम र । हामी त हिमालको चिसो हावा खाएर, हजारौं हजार किसिमका जडिबुटीका वासनादार हावापानीमा हुर्किएको मानिस हौं । स्वच्छ वातावरणमा हुर्किएकाको मन पनि एकदम कञ्चन छ कुनै छलकपट छैन । त्यसैले हाम्रो प्रस्तावलाई केही पनि थपघट नगरिकन समेटिनु पर्दछ । हामीहरुलाई हिमाली राज्य छुट्टै चाहिन्छ । भनेर एक आपसमा बाझाबाझ गर्न पनि पछिपर्ने छैनन् ।त्यति मात्र हो र थुम्की नै पिच्छेका भूत छन् । जातै पिच्छेका भूत छन् । भाषै पिच्छेका भूत छन् । पार्टी भित्र पनि फरक फरक विचार बोक्ने भूतहरु छन् । हरेक भूतका आ-आफ्नै मागहरु छन् ।

नेपाललाई ससाना राज्यहरुमा टुक्रा टुक्रा पारेर सत्यानास पार्न बेर लगाउँदैनन् । यी लाजसरम पचाएका भूतहरुले । त्यसैले कुनै पनि हालतमा भूतहरुलाई चलखेल गर्ने अवसर प्रदान गर्नु हुदैन । राष्ट्र , राष्ट्रियता र नेपाली जनताका लागि जस्तै मूल्य चकाउनु परेपनि, ज्यानकै बाजी लगाउनु परेपनि पछि पर्नु हुदैन । नेपाली जनताका अगाडि अव परीक्षणको घडी आएको छ । होस पुऱ्याएर काम गर्नु पर्नेछ । कुनैपनि हालतमा भूतसभा व्यूतिन दिनुहुँदैन ।

कविता

# जीवनका रङ्ग



✍ शिलु शर्मा

बुझ्न सक्नुपर्छ चोट र पीडाभित्र पनि त छ जीवन
सैर्षभित्र छ सफलता
साँझपछिको कालो रातपछि नै छ सुनौलो बिहानी,
पहराको गुप्त चट्टानभित्रबाटै
बहेको छ, कलकल झरनाको शुद्ध पानी ।
आकाश गङ्गाको गडगडाहटबाट
सृजना हुन्छ सप्तरङ्गी इन्द्रेणी
धर्तीको गहिराइबाट नै सृजना हुन्छ
सुन्दर सरोवर रानी ।
आँखाको अश्रुधारा पुछेर त हेर
संसार छ कति सुन्दर
मनको बह भुलाएर त हेर सूर्यास्तपछिको
सूर्योदयका सुनौला लहर ।
बाँच्नका लागि मुस्कुराउ
मुस्कुराउनका लागि कर्म गर
जीवनले दिएको रङ्गलाई बुझ्न
अन्तिम पटक पुन: कोसिस गर
शून्यतामा जीवनको रङ्ग छ
हारेर उठ्ने मनलाई सोध
अदृश्य कणमा सृष्टि अडेको छ
अदृश्य जीवन्त रक्तकोशिकालाई सोध ।

म अझै जीवित रहेछु
शून्य भावबाट विराट् विचारको रचना हुन्छ
पीडाका गहिराइमा नयाँ जीवनको आशा हुन्छ
सानो तरङ्गले विशाल तलाउ हल्लाउन सक्छ
सानो आशाले जीवन्त सपना सजाउन सक्छ ।
सैर्ष र जीवन, प्राणीका पर्याय
सुख र दु:ख हुन एकआपसका सहायक
सूर्यास्त नभई सूर्योदय हुन्छ कहाँ ?
प्यासपछिको पानी पो अमृत बन्छ त्यहाँ ।
बीज अङ्कुराउन धर्ती फाट्नुपर्छ
घना वृक्ष बनिदिन
सयौं दिन घामपानी, असिना, हुरी सहनुपर्छ
सुन्दर पुष्पवाटिका निर्माण हुन पनि
चट्टानका रङ्गहरू माटोमा परिणत हुनुपर्छ ।

# गजल

✍ डिल्लीप्रसाद अधिकारी

बाँचिदिन्छु थोरैमात्र माम भए पुग्छ
भज्नलाई मनभित्रको राम भए पुग्छ ।।

खाँचो बेसी छैन अचेल बैंस सकेपछि
अलिकति न्यानो न्यानो याम भए पुग्छ ।।

सङ्गत खाँचो पर्छ मान्छे बूढो भएपछि
आफन्तको राम्रो इन्तजाम भए पुग्छ ।।

छिमेकीमा सेवाभाव राख्नलाई पनि
सहयोगी थोरै थोरै काम भए पुग्छ ।।

होसै नभै बिगारेका अतीतका कर्म
हेलाँ होचो गरेको बदनाम भए पुग्छ ।।

इच्छाहरू कम्ति भए सजिलो छ बाँच्न
आपद् पर्दा अलिकति दाम भए पुग्छ ।।

जाडो भगाउन जत्ति आगो बाले पनि
सेकिनलाई दिनैभरी घाम भए पुग्छ ।।

**चित्रकला**





दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

एमालेको शक्ति प्रदर्शन :

# जनसभा गरेर प्रधानमन्त्रीको प्रतिरक्षा



काठमाडौं/सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले ठूलै शक्ति परिचालन गरेर दरबार मार्गमा जागरणसभा गरेको छ । यो सभा गर्न दुई सातादेखि नेताहरू खटिएका थिए । नागरिकमा बढ्दो निराशा र अराजकताका कारण विधिको शासन र कानुनी राज्य कमजोर बनिरहेको निष्कर्ष सहित एमालेले सभा गर्नुपरेको बताएको थियो ।

तर, एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सभा मार्फत् नागरिकमा आशा जगाउने नभएर प्रष्टोक्ति दिन समय खर्चिए । प्रधानमन्त्री ओलीको मुख्य जोड यो सरकारको स्थायित्वप्रति विश्वास दिलाउने थियो ।

'२०८४ सालको मंसिर सम्म अहिलेको समीकरण रहन्छ, सबैले बुझे हुन्छ, कान खोलेर सुने हुन्छ' प्रधानमन्त्रीले भनेका थिए । तर, यो सरकारको विपक्षमा रहनेहरूले सरकार ढल्ने भाका सारि रहेको बताए ।

'सरकार बन्दै बन्दैन, बन्यो । विश्वासको मत पाउँदै पाउँदैन, त्यो पनि पायो । यो महिना कट्दैन, त्यो पनि कट्यो । ' तिहार देख्दैन, त्यो पनि देख्यो । अब भाका राख्दैछन्, फरवरीको' प्रधानमन्त्री ओलीले भनेका थिए ।

एमाले र आफूसँग देश बनाउने सपना मात्र भएकाले यो सरकार टिक्नेमा निर्धक्क हुनुपर्ने प्रधानमन्त्री ओलीको तर्क थियो । 'कुनै कमिसनखोरी गर्न सरकारमा गएको होइन, भ्रष्टाचार गर्न होइन । कमाउनका लागि होइन, आफ्ना मान्छे पोस्नका लागि होइन,' ओलीले भने ।

आफू नेतृत्वको वर्तमान सरकार र एमालेविरुद्ध कसैले केही गर्न नसक्ने प्रधानमन्त्रीले विश्वास दिलाए । 'नेकपा एमालेलाई कसैले हल्लाउन सक्ने छैन, अहिलेको समीकरणलाई कसैले हल्लाउन सक्ने छैन, अहिलेको सरकारलाई पनि कसैले हल्लाउन सक्ने छैन,' प्रधानमन्त्रीले भने ।

सरकार ढल्दैन भन्ने विश्वास दिलाउन प्रधानमन्त्री ओलीले विदेश भ्रमणको प्रशंग समेत निकालेका थिए । 'केहीले के-के न व्यवसाय भेटाए जस्तो पहिले कता जानुपर्ने, कता गयो, अपरिपक्क भयो भने,' प्रधानमन्त्रीले भने, 'कस्तो हुन्छ परिपक्क भन्या ? कता जानुपर्ने ? यो वाहियात, कायर कुराहरु हुन् ।'

प्रधानमन्त्री ओलीले भारत भन्दा पहिले चीन भ्रमण हुनु स्वभाविक रहेको तर्क गरे । पहिले चीन भ्रमण हुँदैमा यो सरकार नढल्ने विश्वास दिलाउन प्रधानमन्त्री ओलीले आफ्नो चीन भ्रमण उदाहरणीय हुने पनि बताए ।

'त्यतिकै यसो घुमेर आऊँ भनेर चीन जान लागेको होइन । देशको हित र भलाइका लागि कुनै पनि देशको भ्रमण गरिन्छ । त्यसैगरी हाम्रा भ्रमणहरूलाई सफलता पूर्वक उल्लेख्य ढंगले प्रस्तुत गर्ने गरेका छौं । र, उदाहरणीय पनि हुनेछ यो कुरा ढुक्कले म भन्न चाहन्छु,' प्रधानमन्त्री ओलीले भने ।

**आरोपहरूको खण्डन**

जनासभाको अर्को उद्देश्य एमाले नेतृत्वसँग जोडेर प्रचार गरिएको कान्डहरूबारे प्रष्टाउनु रहेको देखियो । यति, ओम्नी, गिरीबन्धु हुँदै कम्बोडियामा लगानीसम्मका प्रचारको अध्यक्ष ओली र महासचिव पोखरेलले प्रष्ट्याउन खोजेका थिए ।

भ्रष्टाचार भनेर प्रचार गरिएका कुनै पनि मुद्दामा एमाले नेताहरुको गल्ती नरहेको अध्यक्ष ओली र महासचिव पोखरेलले जिकिर गरे । महासचिव पोखरेलले त आवश्यक परे छानबिनकै निम्ति एमाले तयार हुने बचन पनि दिए । 'छानबीन गरौं न, के फरक पर्छ !,' पोखरेलको चुनौती थियो ।

विशेष गरी कम्बोडियाको टेलिकमसँग जोडेर हालसालै भइरहेको प्रचारको खण्डनमा ओली र पोखरेलले समय खर्चिए । 'त्यहाँ लगानी भएको प्रमाणित गरे, थपेर दोब्बर दान दिने भनिसक्नु (केपी ओलीले) भएको छ,' महासचिव पोखरेलले भनेका थिए ।

महासचिव पोखरेलसँगै भाषा मिलाउँदै अध्यक्ष ओलीले पनि आरोप तथ्यमा आधारित नभएको बताए । 'महासचिव शंकर पोखरेलले भनिसक्नु भएको छ, हामीमाथि लगाइएको आरोपहरू वास्तवमा ती खण्डन गर्न लायकका, चर्चा गर्न लायकका पनि छैनन्,' अध्यक्ष ओलीले भने, 'ती कुनै कुरा पट्याउँदा पनि पट्याउँदैनन् (जनताले) । उनीहरु आफैं बोल्छन्, एकछिनपछि युट्युब खोलेर आफैं सुन्छन् । अनि आफैं दंग पर्छन् ।'

ओलीले भ्रष्टाचारका प्रकरणहरूमा एमालेतिर औंला नउठाउन चेतावनी पनि दिए । 'भ्रममा पर्दैनन् जनता, जनताले देखेको छ कसले कति कमाएको छ, कसले कति कमाएको छैन,' उनले चुनौती दिए, 'विभिन्न पार्टीका साथीहरूलाई भन्नु चाहन्छु, तपाईंहरू एमालेतिर औंला ठड्याएर बोलिरहनुभएको छ, तपाईंहरू के साँच्चै बहस गर्न सक्नु हुन्छ एमालेसँग ?'

कम्बोडियामा लगानी गरेको प्रचार गर्ने दुर्गा प्रसाईं मात्र नभएर त्यस्तो प्रवृत्तिलाई नै अन्त्य गरिने ओलीले घोषणा गरे । गत ४ मंसिरमा पक्राउ परेका प्रसाईंको नाम नलिइकन ओलीले तथ्यहीन झुटो प्रचार गर्नेमाथि कानुनी कारबाही हुने बताए ।

सहकारी बचत रकम अपचलन मुद्दामा रवि लामिछाने पक्राउ परेपछि रास्वपा कार्यकर्ताबाट एमालेविरुद्ध भइरहेको नाराबाजीप्रति ओलीले कडा भाषामा चुनौती दिएका छन् । 'आफैं सहकारी ठगी गर्ने, अरुलाई मुख छाड्ने ? अरूलाई गाली गर्ने ?', प्रधानमन्त्रीले प्रतिबद्धता गरे, 'कुनै पनि प्रकारका भ्रष्टाचार सह्य हुने छैन । कुनैपनि प्रकारका ठगी सह्य हुने छैन ।'

प्रधानमन्त्री ओलीले रास्वपा सभापति रवि लामिछानेमाथि कुनै दयाभाव नदेखाइने सन्देश दिएका छन् । 'कोही पनि निर्दोष फस्दैन, कुनै पनि निर्दोषलाई फसाउन दिइने छैन,' प्रधानमन्त्री ओलीले अगाडि भने, 'कोही पनि दोषीलाई उम्कन दिइने छैन, जोसुकै होस् ।'

एमाले अध्यक्ष ओली र महासचिव पोखरेलको जोड भने पार्टीको आकर्षण बढाउन केन्द्रित थियो । जसका लागि ओली नेतृत्वको सरकारले गरेका कामहरूको फेहरिस्त महासचिव पोखरेलले प्रस्तुत गरे । जसक्रममा महासचिव पोखरेलले लोडसेडिङ अन्त्य गर्ने कामको नेतृत्व ओलीले गरे पनि जस नपाइएको दुखेसो गरे ।

'दैनिक १८ घण्टा लोडसेडिङ हुन्थ्यो, केपी ओली प्रधानमन्त्री भएपछि नेपालको जलस्रोतमा देखिएको समस्या समाधान गरेर आधारभूत लोडसेडिङ एक वर्षभित्र हल गर्ने येजना तयार गर्ने प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओली रहनुभयो,' उनले भने, 'तर बिडम्बनाको कुरा काम एउटाले गर्छ जस अर्कोलाई दिने हाम्रो समाजको परम्परा बन्न पुगेको छ ।' ओली नेतृत्वमा देशलाई सुरुङ युगमा प्रवेश गराउनेसम्मको काम भएको दाबी गरे ।

*(स्रोत: अनलाइनखबर)*

# 'परालको आगो'मा गौँथली बन्दै सुहाना





काठमाडौं/कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथासंग्रह 'नासो'मा सङ्गहित 'परालको आगो' कथामा आधारित भएर निर्माण हुन लागेको फिल्ममा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा अनुबन्धित भएकी छन् । फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सको तर्फबाट निर्माता सुशील पोखरेलले शुक्रबार सुहानासँग कागजी सम्झौता गरेका हुन् । यसमा सुहाना गौँथलीको भूमिकामा देखिनेछिन् ।

फिल्म 'ए मेरो हजुर ३'बाट डेब्यु गरेकी सुहानाले पहिलोपटक घरबाहिरको फिल्ममा काम गर्न लागेकी हुन् । गत वर्ष फिल्म 'एक भागवत् एक गीता'मा देखिएकी उनले 'ए मेरो हजुर ४'मा पनि प्रमुख भूमिका निभाएकी छन् । यी तीनवटै फिल्मको निर्देशन उनकी आमा झरना थापाले गरेकी थिइन् । 'परालको आगो'लाई भने लक्ष्मण सुनारले निर्देशन गर्नेछन् ।

फिल्ममा अनुबन्धित भएपछि सुहानाले खुशी व्यक्त गरेकी छन् । 'एउटा अमर कृतिमा काम गर्न पाउनु मेरो लागि सौभाग्य हो । यसैले मैले पहिलोपटक घर बाहिरको फिल्म साइन गरें', उनले भनिन् । गौँथली चरित्रले आफूलाई लोभ्याएको सुहानाको भनाई छ ।

आगामी वर्ष (२०८२)को दशैंमा प्रदर्शन लक्ष्य राखिएको फिल्ममा सुशील देवकोटाको लेखन रहनेछ । करिब ४५ वर्षअघि 'परालको आगो' कथामा निर्देशक प्रताप सुब्बाले पनि फिल्म निर्माण गरेका थिए । यसपटक भने लोकेसन, प्रस्तुतिकरण र पटकथालाई फरक किसिमले प्रस्तुत गरिने निर्माता पोखरेलको भनाई छ ।

केही दिनअघि मैनाली कथा पुरस्कार ट्रस्टको तर्फबाट कथाकार मैनालीका छोरा माधव प्रसादले निर्माता सुशील पोखरेललाई 'कथाको भाव र मर्म' नबिग्रने गरी फिल्म निर्माणका लागि मञ्जुरी दिएका थिए । 'परालको आगो' कथामा दुई पात्र चामे र गौँथली (श्रीमान-श्रीमती)को झैँझगडालाई परालको आगोको संज्ञा दिइएको छ । यसलाई कथाकार मैनालीको सर्वश्रेष्ठ कथा मानिन्छ ।

# कहिले रिलिज हुन्छ 'बलिदान' ?



काठमाडौं/दशैंमा रिलिज भएको फिल्म '१२ गाउँ'बाट 'एक्सन स्टार'को रुपमा उदाएका समीर भट्ट अब 'बलिदान'मा देखिँदैछन् । उनका कारण पनि फिल्मलाई लिएर दर्शकको एउटा तप्का अधैर्य देखिन्छ । गत भदौ २२ गतेबाट सुरु भएको फिल्मको छायांकन दशैंपछि रोकिएको थियो । शुक्रबारदेखि मोरङको कानेपोखरीमा निर्माण गरिएको सेटबाट बाँकी छायांकन सुरु गरिएको छ ।

अब तीव्र गतिमा फिल्मको छायांकन हुने निर्देशक सन्तोष सेनले जानकारी दिए । अन्तिम चरणको छायांकन अवधि ४५ दिनको रहनेछ । छायांकनका लागि कलाकारहरू समीरसहित सौगात मल्ल, अर्पण थापा, दिव्यदेव र ऋचा शर्मा मोरङ पुगिसकेका छन् । ५ करोडमाथिको बजेटमा निर्माण हुन लागेको फिल्मलाई ठूलो क्यानभासमा तयार पारिँदैछ ।

निर्माण नहुँदै यस वर्षको दशैंको फूलपातीलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको थियो । तर, छायांकन नै दशैंको संघारमा सुरु भयो । यसपछि 'बलिदान'ले घोषणा गरेको मितिमा समीर अभिनीत फिल्म '१२ गाउँ' रिलिज भएको थियो । अब 'बलिदान' कहिले रिलिज हुन्छ भन्ने चासो धेरैमा छ । निर्देशक सेनले फिल्मको प्रदर्शन मिति तय भइसकेको जनाएका छन् ।

उनले भने, 'छायांकन सकिएको भोलिपल्ट टिजरसहित फिल्मको प्रदर्शन मिति घोषणा गर्नेछौं । तर, रिलिज मिति तय भइसकेको छ ।' स्रोतका अनुसार, फिल्मलाई आगामी नयाँ वर्षमा रिलिजको तयारी गरिएको छ । यद्यपि, यसको स्वतन्त्र पुष्टि भएको छैन ।

एक्सन प्रधान रहेको 'बलिदान'मा दक्षिण भारतका एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा करिब ३० जनाको टोलीले अत्याधुनिक प्रविधिको प्रयोग गर्दै एक्सन दृश्य तयार गरिरहेको छ । यसमा महेश पौडेल र सञ्जय लामा छायाँकारमा छन् । नेपालको भूमिमा भइरहेको शोषण र अन्यायविरुद्धको संघर्षमा फिल्म आधारित छ ।

# आयात-निर्यात सामान्य सुधार, चार महिनामा पौने ६ खर्ब वैदेशिक व्यापार



काठमाडौं/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा आयात-निर्यात दुवैमा सामान्य सुधार भएको छ । भन्सार विभागका अनुसार साउन-कात्तिकमा ५ खर्ब १३ अर्ब ३८ करोड रुपैयाँ बराबर वस्तु आयात भएको छ । यो अघिल्लो आव यसै अवधिको तुलनामा ०.१७ प्रतिशतमात्र धेरै हो । अघिल्लो आव कात्तिकसम्म ५ खर्ब १२ अर्ब ५० करोड बराबर वस्तु आयात भएको थियो ।

त्यस्तै निर्यातमा समेत सामान्य सुधार भएको छ । यस वर्ष पहिलो चार महिनामा ५२ अर्ब ६७ करोड बराबर वस्तु निर्यात भएको छ । यो अघिल्लो आव यसै अवधिको तुलनामा ४.१६ प्रतिशत धेरै हो । उक्त आवमा ५० अर्ब ५६ करोड ५३ लाख बराबर वस्तु निर्यात भएको थियो ।

कात्तिकसम्म कुल वैदेशिक व्यापार ५ खर्ब ६६ अर्ब ५ करोड बराबर भएको छ । जुन अघिल्लो आव यसै अवधिको तुलनामा सामान्य धेरै हो । गत आवमा कुल वैदेशिक व्यापारको आकार ५ खर्ब ६३ अर्ब ६ करोड रुपैयाँ थियो । चार महिनामा व्यापार घाटा ४ खर्ब ६० अर्ब ७१ करोड रुपैयाँ बराबर छ । यो अघिल्लो आवको तुलनामा ०.२६ प्रतिशत कम हो । अघिल्लो आवमा व्यापार घाटा ६ खर्ब ६१ अर्ब ९३ करोड बराबर रहेको भन्सार विभागले जनाएको छ ।

विभागका अनुसार यस वर्ष चार महिनाको कुल वैदेशिक व्यापारमा आयात हिस्सा ९०.७० प्रतिशत र निर्यात हिस्सा ९.३० प्रतिशत छ । निर्यात सामान्य बढ्दा हिस्सासमेत सुधार भएको छ । गत आवको तुलनामा निर्यात हिस्सा ३.६२ प्रतिशतले बढेको हो ।

**इन्धन आयातमा मात्र सवा ८८ अर्ब बाहिरियो**

तथ्यांक अनुसार चालु आव पहिलो चार महिनामा ८८ अर्ब २६ करोड रुपैयाँ बराबर इन्धन आयात भएको छ । कुल निर्यातले इन्धन आयात समेत गर्न पुग्ने अवस्था छैन । यस अवधिमा आइरन र स्टिल आयात ४२ अर्ब ५८ करोड बराबरको छ । विद्युतीय उपकरण र पार्ट्स आयातमा ३६ अर्ब ९५ करोड विदेशिएको छ ।

त्यस्तै सवारीसाधन आयातमा ३२ अर्ब ७३ करोड र १३ अर्ब ३० करोड बराबर तर कारीजन्य वस्तु आयात भएको विभागले जनाएको छ । निर्यातितर्फ तेल तथा घिउको हिस्सा सबैभन्दा धेरै छ । यस अवधिमा ५ अर्ब ४६ करोड बराबर घिउ तथा तेलजन्य वस्तु निर्यात भएको छ । कफी र चियाजन्य वस्तु निर्यात ४ अर्ब ६४ करोड बराबर भएको देखिन्छ ।

**भारतसँग धेरै व्यापार**

चार महिनामा भारतसँग सबैभन्दा धेरै वैदेशिक व्यापार भएको देखिन्छ । भारतबाट चार महिनामा ३ खर्ब १६ अर्ब ८८ करोड बराबर देखिन्छ ।

नेपालबाट भारतमा ३५ अर्ब ७६ करोड बराबर सामान निर्यात भएको छ । चीनबाट नेपालमा १ खर्ब ३ अर्ब बराबर सामान आयात भएको छ । ६८ करोड रुपैयाँ बराबर सामान नेपालबाट चीन निर्यात भएको छ । युक्रेन नेपालमा बढी सामान आयात हुने मुलुकको तेस्रो स्थानमा छ । त्यहाँबाट ९ अर्ब १० करोड रुपैयाँ बराबर सामान आएको छ ।

# नेपाल कबड्डी लिगमा ६ टिमको सहभागिता, विजेताले पाउनेछन् यस्तो ट्रफी





काठमाडौं/नेपाली कबड्डी इतिहासमा पहिलो पटक आयोजना हुन लागेको नेपाल कबड्डी लिग (एनकेएल) मा ६ टिमले सहभागिता जनाउने भएका छन् । शुक्रबार राजधानीमा आयोजित एनकेएलको लोगो सार्वजनिक कार्यक्रममा आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले पहिलो संस्करणमा ६ टिम सहभागि हुने जानकारी दिएको हो ।

कार्यक्रममा एनकेएलको पहिलो संस्करणमा ६ सहरको नामबाट टिम सहभागि हुने घोषणा गरिएको हो । जसमा विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, बुटवल र धनगढी सहरको नाम छन् । यही सहरको टिम बन्नेछ । लिगको आयोजना मिति भने छिटै सार्वजनिक गरिने आयोजकले जनाएको छ ।

अखिल नेपाल कबड्डी संघले एनकेएल आयोजनाका लागि गत वर्ष माघमा पुरुष एनकेएलको एस्ट्रोनिक्स म्यानेजमेन्टसँग १० वर्षको लागि सम्झौता गरिसकेको छ ।

लामो समयमको तयारीपछि एनकेएलको लोगो र सहभागि हुने टिमको सहरको नाम सार्वजनिक गर्न पाउँदा निकै खुशी लागेको एस्ट्रोनिक्स म्यानेजमेन्टका अध्यक्ष अमित बेदानी र कबड्डी संघका महासचिव अरविन्द झाले बताए ।

यसैगरी शुक्रबारै एनकेएलको आधिकारिक लोगो सार्वजनिक गरिएको छ । नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले रिमोट थिचेर लोगो अनावरण गर्ने । साथै एनकेएलको विजेताले पाउने ट्रफी पनि सार्वजनिक गरिएको छ । गृहमन्त्री लेखकसहित युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी र एस्ट्रोनिक्कसका अध्यक्ष बेदानीले ट्रफी सार्वजनिक गरे ।

कुनै समय नेपालको राष्ट्रिय खेल भनेर चिनिने कबड्डी केही समय पछाडी परेपनि पछिल्लो समय नेपालमा फेरि चर्चामा आउन थालेको छ । विशेषगरी गत वर्ष चीनको हान्झाउमा भएको १९औं एसियाली खेलकुदमा डेब्यु गर्दै नेपालको महिला कबड्डी टिमले ऐतिहासिक कास्य पदक जितेको थियो । यस्तै दणिण एसियाली खेलकुदमा पनि महिला टिमले रजत पदक सम्म जितेको छ ।

पहिलो पटक पुरुष कबड्डीको लिग हुन लागेको हो । यस्तै महिला कबड्डीको लिग पनि गर्ने गरी कबड्डी संघले एस्ट्रोनिक्स म्यानेजमेन्टसँग सम्झौता गरेको संघका महासचिव झाले जानकारी दिए ।

छिमेकी भारतमा अहिले प्रो कबड्डी लिग चलिरहेको छ । त्यही शैलीमा नेपालमा पनि फ्रेन्चाइज कबड्डी लिग सुरु गर्न लागिएको हो । प्रो कबड्डी सकिएलगत्तै नेपालमा पनि एद्दकेएल गर्ने आयोजकको तयारी छ ।

एनकेएलका लागि कबड्डी संघले प्रो कबड्डीमा काम गरेका ई प्रसाद रावलाई नै प्राविधिक निर्देशकको भूमिकामा नियुक्त गरिसकेको छ ।

# फार्मेसी परीक्षामा शतप्रतिशत पास गराउने भन्दै विद्यार्थी ठग्ने गिरोह सक्रिय

काठमाडौं/नेपाल फार्मेसी परिषद्ले विद्यार्थीलाई भ्रममा पार्दै आर्थिक लाभ लिने गिरोह सक्रिय रहेको भन्दै कडा चेतावनी दिएको छ ।

परिषद्को नाम दर्ता परीक्षामा शतप्रतिशत पास गराउने भन्दै अनलाइन कक्षाहरू सञ्चालन गरेर विद्यार्थीलाई ठग्ने प्रयास भइरहेको तथ्य फेला परेको हो ।

परिषद्का अनुसार एडुमार्क नामक म्यासेन्जर ग्रुप र यसका सञ्चालक डब्बलबहादुर बोहराले आफ्नो अनलाइन कक्षामा सहभागी भएका विद्याथीलाई शतप्रतिशत पास गराउने र यदि पास नभएमा शुल्क फिर्ता गर्ने झुटो प्रलोभन दिँदै आएको पाइएको छ ।

यस्ता गैरकानूनी गतिविधिले विद्यार्थीको भविष्यमाथि खेलवाड गर्ने मात्र होइन, समग्र फार्मेसी क्षेत्रको गुणस्तरमा समेत प्रश्न उठ्न सक्छ,' परिषद्का एक वरिष्ठ अधिकारीले भने । उनका अनुसार परिषद्ले यस्ता गतिविधिको निगरानी बढाएको छ र कानुनी कारबाही गर्न तयार रहेको छ ।

परिषद्ले जारी गरेको सूचनामा विद्यार्थीलाई यस्ता प्रलोभनमा नपर्न सचेत गराउँदै, कुनै पनि व्यक्ति वा संस्थाले यस्तो प्रलोभन दिएको पाइएमा तत्काल प्रहरीमा उजुरी गर्न आग्रह गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदर्शनमा उत्रिए 'तेल भिसा' र 'अग्निदहन'









काठमाडौं/चार हप्तादेखि फिल्म 'पूर्ण बहादुरको सारङ्गी' हलमा दर्शकको गुरुत्वाकर्षण बनेको छ । हप्ता बढे पनि दर्शक घटेका छैनन् । अझै पनि अकुपेन्सी दर उतिक्कै बलियो छ । यो फिल्मको दबदबाबीच गत शुक्रबारबाट प्रदर्शनमा आएको 'ह्रस्व दीर्घ'ले पनि पहिलो हप्ता बक्स अफिसमा राम्रो उपस्थिति जनायो । शुक्रबारबाट हलमा थप दुई फिल्म थपिएका छन्, 'तेल भिसा' र 'अग्निदहन' ।

दुवै फिल्मले फरक-फरक विषय उठाएका छन् । आफ्नो छोरीको सन्तान हुन लागेपछि नेपालबाट अमेरिका गएकी आमाले त्यहाँ बेहोर्नुपरेको कानुनी झमेलाको कथामा 'तेल भिसा' बनेको छ । 'अग्निदहन' भने बोक्सी कुप्रथा विरुद्धको आवाज हो । विषयको हिसाबले अब्बल देखिएका दुवै फिल्मलाई बक्स अफिसमा 'सारङ्गी' र 'ह्रस्व दीर्घ' ठूलो चुनौती हुन् । त्यो चुनौती चिर्न दुवै फिल्मले बलियो 'वर्ड अफ माउथ' पाउन आवश्यक छ ।

'तेल भिसा'ले देशभर डेढ सय हाराहारी शो पाएको छ । अब प्राप्त शोलाई अकुपेन्सीमा बदल्नुपर्ने चुनौती फिल्मलाई छ । बिहानी शोमा अपेक्षाअनुसार अकुपेन्सी देखिएको छैन । 'वर्ड अफ माउथ' राम्रो मिलेको खण्डमा दिउँसोबाट फिल्मले गति समात्न सक्छ ।

यसमा अभिनेता विपिन कार्की बाबु र छोराको गरी दोहोरो भूमिकामा छन् । दर्शकलाई फिल्मप्रति आकर्षित गर्ने यो महत्त्वपूर्ण आधार मानिएको छ । शंकर घिमिरेको निर्देशनमा तयार भएको फिल्ममा वर्षा राउत, पुजा चन्द, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेती लगायतको पनि अभिनय छ । फिल्ममा समावेश 'कति रमाइलो' गीत यतिबेला चर्चामा छ ।

'अग्निदहन'लाई भने घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । यसमा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, ताराबहादुर गुरुङ लगायतको अभिनय छ । फिल्ममा लोकमणि पौडेलको कथा, पटकथा तथा संवाद, दीर्घ गुरुङको छायांकन तथा दीर्घ खड्काको सम्पादन रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# गौरीटार फुटबल रंगशाला निर्माण अन्तिम चरणमा



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/हेटौंडा उपमहानगरपालिका-६, स्थित केन्द्रीय खेलकुद प्रशिक्षण प्रतिष्ठान (गौरिटार रंगशाला)मा पूर्वाधारका संरचना निर्माण धमाधम भइरहेका छन् । फुटबल रंगशालाको काम अन्तिम चरणमा पुगेको छ ।

निर्माणाधीन अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रंगशाला, पौडी पोखरीलगायत पूर्वाधार निर्माणको कार्यले गति लिएको प्रदेशको युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले बताए । महर्जनले आज शुक्रबार निर्माणाधीन पूर्वाधारको स्थलगत निरीक्षण गर्दै प्रगतिबारे जानकारी लिए ।

मन्त्री महर्जनले सम्बन्धित निर्माण व्यवसायी कम्पनीलाई निर्माणकार्य समयभित्रै सम्पन्न गर्न निर्देशन दिएका छन् । उनले गुणस्तरलाई विशेष ध्यान दिन आग्रह गरे । प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि स्तरीय खेलकुदका संरचनासँगै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उनले बताए । राज्यका निकायका कमिकमजोरी र निर्माणको जिम्मा लिएको कम्पनीले समयमै काम सम्पन्न नगर्दा लामो समयदेखि पूर्वाधार निर्माणको काम अघि बढ्न सकेको थिएन । मन्त्री महर्जनले सम्बन्धित कार्यालय र निर्माण कम्पनीलाई पटक-पटक ताकेता गरेपछि निर्माणको कामले गति लिएको दाबी गरे ।

प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/८१ देखि क्रिकेट रंगशाला निर्माणका लागि १२ करोड र स्विमिङ पुल निर्माणको लागि ९ करोड रुपैयाँ विनियोजन गरेर निर्माण थालेको थियो । रंगशालामा पहिलो चरणमा ६०० भन्दा बढी दर्शक क्षमताको एउटा प्यारापिटसहित ५ वटा पिच, ७० मिटर रेडिएशनको ग्राउण्ड भीभीआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायतका संरचना निर्माण हुने परिषद्ले जनाएको छ ।

केन्द्रीय खेलकुद प्रतिष्ठानका रुपमा विकास गर्ने गरी तत्कालीन समयमा खेलकुद परिषद्ले खेलकुदका संरचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १६ वर्षसम्म यो रंगशाला निर्माणको कार्यले गति लिन सकेको थिएन । २८ जेठ ०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले रंगशालाको शिलान्यास गरेका थिए । शिलान्यास पछि संघीय सरकारले रंगशालाकलाई घेर्न कम्पाउण्ड वाल र खेलाडी छात्रछात्राबास मात्रै निर्माण गरेको थियो । भवनमा हाल खेलकुद मन्त्रालय र प्रदेश खेलकुद परिषद् बसेका छन् । प्रदेश सरकार आएपछि अलपत्र गौरिटार रंगशालाको काम अगाडि बढेको हो ।

# पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुर थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको जेसीज सप्ताह सुरु भएको छ । ७ मंसिरमा ऐतिहासिक पालुङगढीमा आयोजित एक समारोहबीच प्रमुखअतिथि थाहा नगरउपप्रमुख भरत गोपालीले उद्घाटन गरेका छन् ।

पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको सभाध्यक्षता भएको कार्यक्रममा पालुङ जेसीज वर्ष २००८ को अध्यक्षसमेत रहेका उपमेयर गोपालीले पालुङगढीको संरक्षणमा जोड दिए । उनले युवा नेतृत्वका लागि जेसीज महत्वपूर्ण रहेको उल्लेख गरे । कार्यक्रममा थाहा नगरपालिका-२ का वडाअध्यक्ष बमबहादुर सिन्तान, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल, वर्ष २००५ का अध्यक्ष सानोभाइ कार्की लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

पालुङ जेसीजका कार्यकारिणी उपाध्यक्ष एवम् मूलकार्यक्रम संयोजक मानसिं दोङले कार्यक्रमको बारेमा जानकारी दिएका थिए । उनका अनुसार ९ मंसिरदेखि १४ गतेसम्म विभिन्न ७ वटा कार्यक्रमको आयोजना गर्न लागिएको छ । ९ मङ्सिरमा विराज थापाको संयोजकत्वमा जनकल्याण मावि पालुङमा लक्ष्यनिर्धारण तालिम गरिने छ । १० गते विश्वनाथ रायमाझीको संयोजकत्वमा प्रदिप जेसीज दौड प्रतियोगिता, ११ गते अजय कार्कीको संयोजकमा न्यानो कपडा वितरण कार्यक्रम, १२ गते रोशनी गोपालीको संयोजकमा पालुङ जेसीजको यस वर्षको प्रकरणमा आधारित माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता, १३ गते रचना बस्नेतको संयोजकत्वमा ऋणेश्वर प्राविदामनका विद्यार्थीलाई भरत-रत्न छात्रवृत्ति कार्यक्रम र १४ गते श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा मैत्रीपूर्ण जेसीज कप फुटबल प्रतियोगिता ईन्द्रायणीचौरमा हुनेछ ।

त्यस्तै १५ गते अञ्जय प्रधानको संयोजकत्वमा सप्ताहव्यापी कार्यक्रमको समापनका साथै सम्मान तथा पुरस्कार वितरण कार्यक्रम जेसीज सभाहलमा गरिनेछ । समापन कार्यक्रममा संघीय सांसद महेश बर्तौला आउने अध्यक्ष रायमाझीले जानकारी दिए ।

# बुढीचौरमा विदेशी पर्यटक ल्याउन सकिने मुख्यमन्त्री लामाको विश्वास



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले मकवानपुरगढी गाँउपालिका-८ बुढीचौरमा आन्तरिक मात्र नभई विदेशी पर्यटक ल्याउन सकिने बताएका छन् । ऐतिहासिक धार्मिकस्थलको रुपमा रहेको ऋषेश्वर मन्दिर र गुफा क्षेत्रमा निर्माण गरिएको बुद्ध मूर्ति अनावरण तथा प्राणप्रतिष्ठा कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै मुख्यमन्त्री लामाले बुढीचौर कृषि र पर्यटनको सम्भाव्यता बोकेकाले यसलाई थप विस्तार गर्न प्रदेश सरकारले साथ दिने बताए ।

सोच र आँट गर्नुभयो भने यहाँ पर्यटनको विकास तीव्र गतिमा हुने बताउँदै मुख्यमन्त्री लामाले हेटौंडाबाट यहाँ आउन सडक सञ्जालको समस्या छ, त्यसलाई समाधान गर्न आगामी बजेटमा सम्बोधन गर्ने बताए । सडक सहज भए यहाँ उत्पादन भएका बेमौसमी तरकारी र दुधजन्य वस्तुहरु बजारीकरण गर्न सहज हुने भन्दै मुख्यमन्त्री लामाले पर्यटकीयस्थलको निर्माण गर्दै स्थानीय उत्पादन प्रयोग गर्दै होमस्टे सञ्चालनमा जोड दिन उनले आग्रह गरे ।

कार्यक्रममा प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री विमल ठकुरीले बुढीचौर पर्यटनको प्रचुर सम्भावना बोकेको वडा रहेको बताए । अघिल्लो वर्षमा प्रदेश सरकारले समपूरक अन्तरगत बजेट आइरहेको बताउँदै बुद्ध मूर्तिको वरपरका क्षेत्रमा थप व्यवस्थित गर्न यसै आवमा पर्यटन आयोजनामार्फत् ५ लाख रकम प्रदान गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । उनले आगामी दिनमा खुँडेदार पदमार्ग, ऋषेश्वर मन्दिर र गुफाका साथै जीपलाइनका लागि आगामी बजेटमा सम्बोधन गर्ने बताए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले बुढीचौरमा ऐतिहासिक धार्मिकस्थल सहित कृषि र पर्यटनको सम्भावना बोकेको वडा रहेको बताए । उनले गाउँपालिकाबाट आव २०८०/८१ मा १० लाख बजेटबाट बुद्ध मूर्ति निर्माण गरिएको बताए ।

अझै यसलाई व्यवस्थित गर्नु आवश्यक रहेको बताउँदै होमस्टे, जीपलाइन, पदमार्गलाई व्यवस्थित, अर्गानिक कृषिउत्पादनलाई वृद्धि विकास गर्न आवश्यक रहेको बताए । उनले प्रदेश सरकारसमक्ष सडक सञ्जालको समस्याबारे जानकारी दिँदै वडालाई टमाटर उत्पादन पकेटक्षेत्र बनाउने तयारी रहेको बताए ।

८ नम्बर वडाध्यक्ष कुमारसिं घिसिङको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष आइतसिं लो, ६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाई, ७ का वडाध्यक्ष सूर्यबहादुर रुम्बा, पर्यटन आयोजना प्रमुख रोशनकुमार श्रीवास्तव, नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली, प्रमुख लामागुरु दावा छेडुप, वडासदस्यहरुको आतिथ्यता रहेको थियो ।

# संघ र प्रदेश संसदीय समितिबीच अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समिति र संघीय संसदको उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबीच हेटौंडामा अन्तरक्रिया भएको छ ।

कार्यक्रममा दुबै सदनका विषयगत समितिका कामहरु र समन्वयको महत्वको विषयमा छलफल भएको छ । कार्यक्रममा बोल्दै संघीय संसदको उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले वर्तमान समयमा जनतामा देखिएको निराशालाई चिर्न राजनीतिक नेतृत्वले आशा जगाउने गरी काम गर्नुपर्ने बताए । उनले प्रतिनिधिसभा र प्रदेशसभाको विषयगत समितिबीच अन्तरक्रिया तथा अनुभव आदानप्रदान गर्नाले दुबै समितिबीच सुमधुर सम्बन्ध कायम हुने बताए ।

बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले संघीय संसदले आवश्यक कानुन समयमै नबनाउँदा प्रदेश सरकारले बनाएका ऐन कार्यान्वयनमा समस्या पैदा भएको बताए । संघीय संसदको उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सदस्यहरु कान्तिका सेजुवाल, रुक्मणी राना बराईली, हेमराज राई, बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समितिका सदस्यहरु ठुला थामी, तारानारायण श्रेष्ठ र भुवनकेसरी श्रेष्ठले कार्यक्रममा धारणा राखेका थिए । समान उद्देश्यका साथ दुबै समितिले समन्वय गर्नुपर्ने आवश्यकता र सम्बन्धित मुद्दाको समाधानका लागि थप प्रयास गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

प्रदेशका उद्योग र पर्यटन क्षेत्रमा थप अवसर सिर्जना गर्ने, वातावरण संरक्षणको क्षेत्रमा सहकार्यको महत्व र श्रम तथा उपभोक्ता हितका क्षेत्रमा साझा योजनामा काम गर्ने सन्देश व्यक्त भएको छ । सम्भावित आगामी योजनामा विशेष ध्यान दिँदै, दुबै समितिले प्रदेश र संघीय सरकारको बीचमा सम्पर्क सञ्जाललाई थप सशक्त बनाउनुपर्ने आवश्यकता उल्लेख गरे । कार्यक्रममा बागमती प्रदेशसभाका सचिव कृष्णहरि खड्का, संघीय संसदको उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति सचिव रामकुमार पौडेल, बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समिति सचीव राजु श्रेष्ठ, लगायत कर्मचारीको उपस्थिति रहेको थियो ।

# राक्सिराङको गर्लिङमा विद्यालय भवन शिलान्यास

साझाकुरा संवाददाता



हेटौंडा, ७ मंसिर/ मकवानपुरको राक्सिराङ गाउँपालिका-७ स्थित विकट तल्लो गर्लिङमा करिब २ करोड रुपैयाँ खर्चिएर विद्यालय भवन निर्माण सुरु भएको छ ।

गर्लिङमा रहेको सातकन्या प्राथमिक विद्यालयको सात कोठे भवनको शुक्रबार बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले शिलान्यास गरेका हुन् । लिसा हिमालय इभीमार्फत् दिगो विकासका लागि एकता नेपालको आर्थिक सहयोगमा २ करोड १ लाख रुपैयाँको ठेक्कामार्फत् विद्यालय भवन निर्माण हुन लागेको हो । गृह आर्किटेक एण्ड बिल्डर्स प्रालिसँग २०८१ कात्तिक २० गते विद्यालय निर्माणको सम्झौता भएकोमा २०८२ कात्तिक १८ गतेसम्म सम्पन्न गर्ने उल्लेख छ ।

पक्की विद्यालय भवन नहुँदा यस भेगका विद्यार्थी जस्ताको छानोयुक्त कच्ची भवनमा अध्ययन गर्दै आएका थिए । पक्की भवन निर्माण भएसँगै अध्ययनमा सहज हुने र विद्यार्थी पनि विद्यालयतिर आकर्षित हुने विश्वास लिइएको छ । विद्यालय भवन शिलान्यास गर्दै बागमती प्रदेशसभा सदस्य बानियाँले विकट गाउँमा सडक सञ्जालसँगै शिक्षा, स्वास्थ्य लगायत पूर्वाधार विकास र सामाजिक आर्थिक विकासमा स्थानीय, प्रदेश र संघीय सरकारले ध्यान दिएको बताए ।

संघीयता स्थापनासँगै मुलुकको विकासको गति बढिरहेको बताउँदै उनले वर्तमान व्यवस्थाविरुद्ध लाग्नेहरु विकास विरोधी भएको बताए । विकट गाउँको विकासका लागि आफूले भूमिका खेलिरहेको दावी गर्दै बानियाँले आगामी दिनमा पनि गाउँको आवश्यकताका आधारमा विकास गर्न लागिपर्ने प्रतिवद्धता जनाए । राक्सिराङ-७ स्थित गर्लिङसम्म पुग्ने सडक स्तरीकरण गर्न प्रदेश सरकारमार्फत बजेटको व्यवस्था गरिने पनि उनले प्रतिवद्धता जनाए ।

सातकन्या प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एकराज मुक्तानको अध्यक्षतामा भएको भवन शिलान्यास कार्यक्रममा प्रदेशसभा सदस्य बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बागमती प्रदेशका पूर्व भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङ, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, दातृसंस्था लिसा हिमालय इभीका एक्टिङ कन्ट्री डाइरेक्टर अन्जन पौडेल, नेपाली कांग्रेस मनहरी सभापति प्रकाश वर्तौला, राक्सिराङ ७ का वडाध्यक्ष रामबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# नागस्वती र जोरपाटी फाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ हेटौंडा-७ नागस्वतीमा जारी तेस्रो नागस्वती कप भेट्रान्स फुटबल प्रतियोगिताको फाइनलमा जोरपाटी भेट्रान्स काठमाडौं र आयोजक नागस्वती भेट्रान्स प्रवेश गरेका छन् । शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा हेटौंडा भेट्रान्सलाई पराजित गर्दै जोरपाटी भेट्रान्स फाइनल प्रवेश गरेको हो । खेलको ८ औं मिनेटमा जोरपाटीका सुरज सुबेदीले गरेको एक मात्रै गोल नै निर्णायक बनेको थियो । खेलको म्यान अफ द म्याच जोरपाटीका गोलकर्ता सुवेदी घोषित भएका थिए ।

यस्तै दोस्रो सेमिफाइनल खेलमा आयोजक नागस्वती भेट्रान्स 'बि' ले लेकसाइड भेट्रान्स पोखरालाई एक शून्य गोलको अन्तरमा पराजित गर्दै फाइनल प्रवेश गरेको हो । खेलको ४३ औं मिनेटमा नागस्वतीको तर्फबाट राजकुमार घिसिङले गोल गर्दै टिमलाई फाइनल प्रवेश गराउन सफल भएका थिए । खेलको म्यान अफ द म्याच नागस्वती भेट्रान्सका घिसिङ घोषित भएका थिए । फाइनल खेल शनिवार दिउँसो २ बजे आयोजक नागस्वती भेट्रान्स र जोरपाटी भेट्रान्सबीच हुनेछ ।

नागस्वती भेट्रान्स क्लबको आयोजनामा भएको प्रतियोगितामा मङ्सिर ८ गतेसम्म चल्ने छ । प्रतियोगितामा देशभरका ४० वर्ष माथि उमेर समूहका पूर्वराष्ट्रिय खेलाडीको सहभागिता रहेको क्लबका अध्यक्ष सोमबहादुर तितुङ्ले बताए । प्रतियोगितामा विजेतालाई २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगद सहित शिल्ड पुरस्कार रहेको छ । प्रतियोगितामा देशभरका १५ वटा भेट्रान्स क्लबको सहभागिता रहेको छ ।

स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ आयोजना भएको प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्चराख्न सहयोग पुग्ने उनले बताए । चारवर्ष अघि स्थापना भएको यस क्लबले लगातार तेस्रो सिरिज प्रतियोगिता आयोजना गरेको हो । खेल हेटौडा-७ नागस्वतीमा रहेको नवज्योति विद्यालयको खेलमैदानमा भइरहेको छ ।

# चार महिनामा ३५ सय ईभी आयात, चीनको हिस्सा ७२ प्रतिशत

काठमाडौं, ७ मंसिर/ चालु आर्थिक वर्ष पहिलो चार महिनामा ३ हजार ४ सय ८७ युनिट विद्युतीय गाडी (ईभी) आयात भएको छ ।

भसार विभागले शुक्रबार प्रकाशित वैदेशिक व्यापारको तथ्यांकमा चार महिनामा ईभी आयात ७ सय युनिट बढेको छ । कुल ८ अर्ब ३७ करोड ९ लाख ५२ हजार रुपैयाँ बराबरका ३ हजार ४ सय ८७ युनिट ईभी आयात हुँदा ५ अर्ब १९ करोड २० लाख ७७ हजार राजस्व प्राप्त भएको छ ।

गत आव २०८०/८१ को पहिला चार महिनामा भने ३ हजार ७ सय ८७ युनिट ईभी आयात भएको भन्सार विभागको तथ्यांक छ । सरकारले १५ जेठमा ल्याएको चालु आवको बजेट र आर्थिक विधेयकमार्फत ईभीमा लाग्दै आएको करको दर बढाएको थियो ।

शून्य किलोवाट र ५१ देखि १०० किलोवाट क्षमतामा भन्सार र अन्त:शुल्क ५/५ प्रतिशतले बढाएको थियो । १०१ देखि २०० किलोवाटसम्म भन्सार यथावत् राखेर अन्त:शुल्क १० प्रतिशत बढाएको थियो । त्यसभन्दा माथि २०१ देखि ३०० किलोवाटसम्म भन्सार घटाएर अन्त:शुल्क बढाएको छ । ३०० किलोवाटभन्दा बढी क्षमतामा पनि भन्सार घटाएर अन्त:शुल्क बढाएको हो ।

ईभीको कर बढ्दै जाँदा पनि सर्वसाधारणमा यस्ता गाडीप्रतिको आकर्षण झनै बढ्दै गएको देखिन्छ । नेपाली बजारमा विशेषगरी चिनियाँ ब्रान्ड बीवाईडी र भारतीय ब्रान्ड टाटाको तीव्र प्रतिस्पर्धा छ ।

*(स्रोत: अनलाइनखबर)*

# ऊर्जा दक्षतामा अनुदान योजना सुरु

काठमाडौं, ७ मंसिर/ नेपालमा उद्योग तथा व्यवसायमा ऊर्जा दक्षता प्रवर्द्धन गर्न अनुदान योजना सुरु भएको छ । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनर्प्राप्ति एवं सशक्तीकरण कार्यक्रम अन्तर्गत योजना व्यवस्थापकमा राष्ट्रिय वाणिज्य बैंक छ ।

यस अनुदान योजनाको प्रमुख उद्देश्य उद्योग तथा व्यवसायलाई ऊर्जा दक्षताका उपाय अवलम्बन गर्न प्रोत्साहन गर्नु हो । यस पहलको प्रमुख उद्देश्य उद्योग तथा व्यवसायमा ऊर्जा दक्ष उपयोगबाट ऊर्जा खपतमा कमी ल्याई नेपालमा दिगो औद्योगिक विकासलाई बढावा दिनु र कार्बन उत्सर्जन घटाउनु समेत रहेको छ ।

यस पहल अन्तर्गत ऊर्जा परीक्षकबाट सिफारिस भएका ऊर्जा दक्षताका उपाय कार्यान्वयनमा प्रोत्साहन दिन राष्ट्रिय वाणिज्य बैंकमार्फत आंशिक अनुदान उपलब्ध गरिने छ । अनुदान सञ्चालन निर्देशिका अनुसार आंशिक अनुदान, ऊर्जा दक्षताका उपायमा कुल आवश्यक लगानीको निश्चित प्रतिशत हुने भएको छ । अनुदानयोग्य हुन उद्योग-व्यवसायले मर्यादित कामका सिद्धान्त तथा वातावरणीय मापदण्ड अवलम्बन गरेको हुनुपर्छ ।

यस पहलले उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताका उपाय अवलम्बन गर्दा देखिने वित्तीय समस्या सम्बोधन गरी ऊर्जा दक्षताका प्रविधिमा लगानी गर्न उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । अनुदान योजना सुरुवातले नेपालको औद्योगिक र व्यावसायिक क्षेत्रमा ऊर्जाको दक्ष प्रयोगमा रहेको सचेतना एवं कार्यान्वयनबीच रहेको खाडल पुर्न महत्वपूर्ण कदम हुने जनाइएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना